## माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०४/२२ मा बसेको प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रका निर्णयहरु:

१. कोभिड- १९ को जोखिम वढन सक्ने अवस्थालाई मध्यनजर गरी सीमा व्यवस्थापन र नियन्त्रणलाई प्रभावकारी बनाउने । नेपाल भारत बीचका तोकिएका सीमानाकाबाट सुरक्षित आवागमनको व्यवस्था गर्ने, अभिलेख राख्ने र हेल्थडेस्क राखी चेकजाँचको प्रभावकारी व्यवस्था समेत मिलाउने ।

२. नेपाल भारत बीचको छोटो खालको आवत जावतलाई नियन्त्रण गर्ने । जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रले कम्तिमा १४ दिन क्वारेण्टाइनमा नराखेको व्यक्तिलाई काममा नलगाउन सम्वन्धित रोजगारदाताहरुलाई समेत सुसूचित गर्ने व्यवस्था मिलाउने।

३. अन्तरप्रदेश आवागमनलाई व्यवस्थित र सुरक्षित वनाउने सम्वन्धमा स्वास्थ्य, सुरक्षाका मापदण्ड र हेल्थडेस्कको व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रले मिलाउने ।

४. संक्रमण जोखिमको अवस्था हेरी समुदायमा संक्रमण देखिएमा सिल गर्ने । यस्तो स्थानको परिक्षणको कार्यलाई छरितो र प्रभावकारी वनाउने ।

५. हरेक पालिकाहरुले पूर्ववत निर्णय बमोजिम नै तराइका जिल्लामा कम्तिमा २०० वेड, पहाडका जिल्लामा कम्तिमा २०० बेड र रुकुम पूर्व जिल्लामा कम्तिमा ५० बेड क्षमताको आइसोलेसन सेण्टर निर्माण गरी संचालनमा ल्याउने ।

६. पालिकाहरुले विगतमा क्वारेण्टाइन निर्माणका क्रममा खरिद गरेका सामग्रीहरुको अत्यावश्यक समयमा उपयोगमा ल्याउन सक्ने गरी व्यवस्थापन, भण्डारण र अभिलेखीकरण प्रभावकारी रुपमा गर्ने ।

७. सामाजिक विकास मन्त्रालयले कोभिड १९ को थप जोखिमलाई विश्लेषण गरी हाल कोरोना विशेष अस्पतालमा खटिएको जनशक्तिलाई थप ३ महिनाका लागि निरन्तरता दिने ।

प्रदेश सरकार
प्रदेश नं. ५
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

८. राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालालाई कोभिड- १९ को परिक्षणका लागि संचालनमा ल्याउन सामाजिक विकास मन्त्रालयले आवश्यक पहल गर्ने ।

९. स्वास्थ्य तथा सुरक्षा सम्वन्धी मापदण्डको पालना गर्न, गराउन सुरक्षा निकायले अभियानकै रुपमा कार्य संचालन गर्ने । साथै, जनचेतना वृद्धि गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

१०. पालिकास्तरमा मास्क खरिद गर्न नसक्ने व्यक्तिहरुलाई पालिकाले व्यवस्था गर्ने । मास्क प्रयोग नगरी हिंडनेहरुलाई मास्क प्रयोग गर्न अनुरोध गर्ने अटेर गर्ने वा वेवास्ता गर्नेलाई जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रले नियमानुसार जरिवाना गरी प्रदेश कोरोना रोकथाम तथा उपचार कोषमा रकम जम्मा गर्ने ।

११. सुरक्षा निकायको जनशक्तिमा संक्रमण देखिएमा आइसोलेसनमा राख्ने व्यवस्थाका लागि आवश्यक स्थान र सामग्रीको अग्रीम व्यवस्था गर्ने ।

१२. प्रदेशमा थप संक्रमण र जोखिम हुन नदिन सबै निकाय र पदाधिकारीहरुले अग्रसरता लिइ आवश्यक समन्वय सहित कार्य गर्ने ।

१३. आगामी दिनमा प्रदेशमा कोरोना नियन्त्रण, उपचार र व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालयले आवश्यक जनशक्ति, औषधी र अन्य स्वास्थ्य सामग्रीहरुको प्रभावकारी प्रवन्ध गर्ने ।